# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०७७/०७८
च.नं. १२५८

मिति: २०७७/०८/२२

### विषय : लाभग्राही छनौट सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सवै,
राप्ती नगरपालिका, चितवन ।

प्रस्तुत विषयमा सघन शहरी तथा भवन निर्माण आयोजना, चितवनको मिति २०७७/०६/२९ च.नं. ३८५ को पत्रानुसार केन्द्रिय सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७/०६/११ निर्णय भएबमोजिम सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनार्थ यस राप्ती नगरपालिकामा चालु आ.व. ०७७/७८ मा ३६८ घरका लागि आवास संख्या निर्धारण भएकोमा राप्ती नगरपालिका नगर कार्यपालिकाको मिति २०७७/०७/२९ गतेको ७९ औं बैठकबाट पहाडका १०,११,१२ र १३ नं. वडामा प्रति वडा ३० घर र तलका बाँकि वडाहरुमा प्रति वडा २० घरधुरीको छनौट गर्ने निर्णय भएको हुदाँ आफ्नो वडा भित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका, प्रकोपका कारण घरबार विहिन भएका घर परिवारले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबिको रेखामुनि रहेका पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणका लागि त्यस्ता घरहरुको छनौट गरी यो सुचना प्रकाशन भएको मितिले ३० दिनभित्र अनिवार्य रुपमा सोको तथ्याङ्क यस नगरकार्यपालिको योजना शाखामा उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

२०७७/०८/२२
गंगाबहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

पुनश्च : थप जानकारी आवश्यक भएमा नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन ।

☎:०५६-५५००१५ | इमेल : rraptimunicipality42@gmail.com | वेवसाइट : www.raptimun.gov.np